नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९  अंक २३७  २०७७ साल असार ३१ गते बुधबार (15 July 2020 Wednesday)  मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोरोनाको कहर र ... ३ पृष्ठमा : नागरिकता विवाद : आफ्ना ... ३ पृष्ठमा अमेरिकी सर्वोच्च अदालतद्वारा...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# घुस लिएको आरोपमा मुद्दा फाँटका प्रमुख ठाकुर पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

अख्यितार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रिय कार्यालय इटहरीको टोलीले जग्गा सम्बन्धी कागजातमा अनुकुल हुने गरि व्यहोरा सच्याईदिने नाममा सेवाग्राहीसँग घुस लिएको आरोपमा मालपोत कार्यालय राजविराजका नायब सुब्बालाई पक्राउ गरेको छ ।

जग्गा विवाद सम्बन्धी कागजात मिलाउन पुगेका एक सेवाग्राहीसँग १३ हजार रुँपैया घुस लिएको आरोपमा राजविराजस्थित भूमि सुधार तथा मालपोत कार्यालय मुद्दा फाँटका प्रशासन प्रमुख समेत रहेका नासु कृष्णबल्लभ ठाकुरलाई अख्यितारको टोली मंगलबार पक्राउ गरेको हो ।

सेवाग्राहीसँग रकम माँग भएपछि अख्तियारलाई सूचना आएको आधारमा उनलाई पक्राउ गरेको अख्तियारका एक पदाधिकारीले जानकारी दिए । उनलाई आवश्यक प्रक्रिया पश्चात् अनुसन्धानका लागि आयोगको क्षेत्रिय कार्यालय इटहरी पुर्‍याएको आयोगले जनाएको छ ।

यता पक्राउ परेका ठाकुरले घुस नलिएको दाबी गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

# लायन्सद्वारा अस्पताललाई चार सय भिटिएम किट प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

राजविराज लायन्स क्लबले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतलालाई पिसिआर परिक्षणलाई तिब्र बनाउन सहयोग पुर्‍याउने उद्देश्यले चार सय थान भिटिएम किट (भाइरस ट्रान्सपोर्ट

*बाँकी अन्तिम पृष्ठमा*

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना ।"
"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · Prabhu Money Transfer · City Express · IME · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## सम्पादकीय ....

### सदरमुकामका सडकहरुको हाल बेहाल, सम्बन्धीत निकाय आफ्नै तालमा

वर्षा सुरु भए लगत्तै राजविराजको अधिकांश सडकहरुको हाल बेहाल भएको छ। यस वर्षको वर्षा सुरु हुने बित्तिकै नगरको सबै वडाहरुको सडकहरु हिलाम्मे हुनुका साथै जिर्ण भएको छ। तर, नगरपालिकादेखी वडा अध्यक्ष लगायत अन्य जिम्मेवार प्रतिनिधिहरु त्यसप्रति थारै पनि चासो देखाएका छैनन्। राजविराज वडा नं. ८ को हिमालय टोल पस्ने मूल सडक पहिलादेखी नै जिर्ण रहेको अवस्थामा वर्षाका कारण डुवानमा परेको छ। वर्षाको पानी निकासका लागि कुनै व्यवस्था नभएको यो सडकमै पानी जमेको छ। जमेको बाहेकका पानी घर घरमा पसेको छ। यो सडक सुख्खायाममा धुलोमय र वर्षाका हिलोमय हुने कारणले झनै जिर्ण बनेको छ। यती मात्र नभएर सडक अतिक्रमण गर्ने दिनहुँ बढ्दै जाँदा सडक साँघुरो बनेको छ।

त्यस्तै वडा नं. १ को बटो झनै जिर्ण अवस्था रहेको छ। वडा नं. ७ को अवस्था पनि मिल्दो जुल्दो छ। यो सडक नाला भन्दा तल भएको छ। जसकारण वर्षाको पानी सडकमै पोखरीको रुपमा परिणत भएको छ। यो उउटा सानो उदाहरण मात्र हो। यो भन्दा पनि कहाली लाग्दो छ जिल्लाको विभिन्न स्थानिय निकाय जोड्ने सडकहरुको।

राजविराज नगर भित्रका अधिकांश सडकहरुको अवस्था पानी पर्ने बित्तिकै छर्लङ हुन्छ। तसर्थ सदरमुकामको सडकहरुको अवस्थाप्रति सम्बन्धीत निकायको ध्यान पुग्न नसक्दा जनताले सास्ती व्यहोर्नु परेको छ। यसका लागि जिम्मेवार निकायले तुरुन्त पहल गरि सडक मर्मतप्रति चासो देखाउनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाको कहर र नेपालीले भोगेको पीडा

विनोदकुमार विश्वकर्मा 'विमल'

**नेपालमा कोरोनाका संक्रमणको शुरुवात**

चीनको उहानबाट आएका एक नेपालीमा वि.सं. २०७६ माघ ९ मा कोविड–१९ पुष्टि भएको थियो। चीनबाट आएपछि उनी पुस १६ मा चिकित्सकको सम्पर्कमा गएकामा पुस २८ गते भर्ना भएका थिए। माघ ९ गते कोरोना सङ्क्रमणको गति बढेको थियो। गएको माघदेखि शुरु भएको सङक्रमण चैतमा फाट्टफुट्ट थियो। फागुनमा नदेखिएको सङ्क्रमण चैतमा पुनः फेला परेको थियो। फ्रान्सबाट कतारको दोहा हुँदै चैत ४ मा नेपाल आएकी युवतीको परीक्षण गर्दा चैत १० मा दोस्रो सङ्क्रमित पुष्टि भएको थियो। पहिलो पटक चीनको उहानमा सन् २०१९ को डिसेम्बर ३१ मा कोविड–१९ मानिसमा लागेको पुष्टि भएको थियो। त्यसपछि युरोप हुँदै अमेरिका फैलिएको रोग भारतपछि नेपालमा फैलिएको हो।

**सङ्क्रमण र निधनको बढ्दो ग्राफ**

चैत १२ गते तेस्रो व्यक्तिमा देखिएको सङ्क्रमण आलेख लेख्दासम्म ४०० देखि ६०० सम्मको हारहारीमा वृद्धि हुँदै आएको देखिन्छ। वैशाख महिनाको ग्राफ– ४७, ५४, ५७, ६९, ८२ , ९९, १०२, १०९, १२४ ,१२९। जेष्ठ महिनाको ग्राफ– २४५, ३७५, ४०२, ४८७, ५१६, ५९१, ७७२, ७८३, १२१२, १४००, १५७५, २३००, ४६००, ५०००। असार महिनाको ग्राफ– ५७६०, ६४११, ७१७७, ७४८४, ८५१४, ९०००, १०,०११, १०५५२, ११००१, ११५७५, १२७५। यसैगरी ५०० देखि ६०० सम्म वृद्धि हुँदै असार २२ सम्म १५७८४ सम्म पुग्यो। यसप्रकार ग्राफ न्यूनतम २ सयदेखि ५०० सम्मको हाराहारीमा वृद्धि भएको देखिन्छ। ४९ दिने बालिकादेखि ५० वर्ष उमेर समूहसम्म सङक्रमित भएका छन्। यसैगरि अग्रपङ्तिमा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, पत्रकार , नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीहरुमा समेत सङ्क्रमण देखापर्‍यो। मृतकको सङ्क्रमणबाट पहिलो मृतक सिन्धुपाल्चोक निवासी २९ वर्षीया महिला हुन्। वैशाख २४ गते शिशुको जन्म दिनुभएकी २९ वर्षीया महिला निको भई घर फर्किएकी थिइन। स्वास्थ्य अवस्था जटिल भएपछि अस्पताल ल्याउँदै गर्दा वैशाख २९ गते उनको मृत्यु भएको थियो। तत्पश्चात २, ३, ४, ६, ८, ९, ११, १२, १६, १८, १९ जनासम्म नेपाली कर्मवीरको निधन भयो। तत्पश्चात् २०, २२, हुँदै असार २० सम्म ३४ पुग्यो। गैरआवासीय नेपाली संघको तथ्याङ्कअनुसार असार १६ सम्म कोरोनाका कारण विदेशी भूमिमा १३० नेपालीले ज्यान गुमाएका छन्। हाल संसारका ११० मुलुकमा नेपालीको बसोबास रहेको छ। ती मध्ये १३ मुलुकमा रहेका नेपालीले कोरोनाको कारण ज्यान गुमाएका छन्। यसैगरि विभिन्न मुलुकमा गरी २६ हजार २ सय २७ जना नेपाली सङ्क्रमित भएका छन्। यसमध्ये ७० प्रतिशत अर्थात् १८ हजार ७ सय बढी निको भएर घर फर्किएका छन्। विभिन्न मुलुकमा सङ्क्रमित नेपालीको संख्या निम्नानुसार रहेका छन्– अमेरिकामा १ हजार ६ सय, बेलायतमा १ हजार २ सय, साउदी अरबमा ६ सय ७४, बहराइनमा ३ सय ११, यूएईमा २ सय, कुवेतमा ८४, मलेसियामा ४९, पोर्चुगलमा २९, आयरल्यान्डमा २२, स्पेनमा १३, क्यानाडामा १३, अष्ट्रेलियामा १२, जापानमा १०, माल्दिभ्समा १०, बेल्जियममा ६, स्वीट्जरल्यान्डमा ५, जर्मनीमा ४, फिनल्यान्डमा ४, साइप्रसमा ३, न्यूजिल्यान्डमा ३ नेपाली सङक्रमित भएका छन्। यसैगरी माल्टामा २, हङकङमा २, पोल्यान्डमा २, म्यानमारमा २ र फ्रान्समा १ जना सङ्क्रमित भएका छन् असार २० गतेसम्म।

**क्वारेन्टाइन र क्वारेन्टेनीको अवस्था**

गएको माघदेखि शुरु भएको सङ्क्रमण चैतमा फाट्टफुट्ट देखियो। वैशाखमा १२९ जना, जेठमा ५००० र असार २२ सम्म १५,७८४ पुग्यो। असार २० सम्म ३४ जनाले ज्यान गुमाएका छन्। आइसोलेसनमा राखिएको संख्या पनि बढिरहेको छ।

सङक्रमण न्यूनीकरणका लागि विशेषगरी दुई उपाय अपनाइएको पाइन्छ। स्वदेशभित्र एक ठाउँबाट अर्को ठाउँमा गएका तथा विदेशबाट आएकालाई क्वारेन्टाइनमा राखेर यसको सङ्क्रमणको शङका देखिएमा पिसिखार परीक्षण गर्नुका साथै त्यसको नतिजा पोजेटिभ आएमा आइसोलेसनमा राखेर उपचार गर्नु। विडम्बना, क्वारेन्टाइनभित्रको भद्रगोल अवस्था हेर्ने हो भने लाग्छ यसले कोरोना रोकथाम होइन, फैलाउन मद्दत गरिरहेको छ। यसैगरी पछिल्ला दिनहरुमा क्वारेन्टाइन सम्बन्धी आएका सामाचारहरु– मापदण्ड विपरीतका क्वारेन्टाइन। जोखिमयुक्त क्वारेन्टाइन। कैलालीमा भद्रगोल क्वारेन्टाइन। क्वारेन्टाइनको अभाव। भारतबाट आएकाहरु अलपत्र। चुहिन थाल्यो क्वारेन्टाइन। क्वारेन्टाइन मापदण्ड अनुरुपका छैनन। क्वारेन्टाइनमा बसेका युवा र प्रहरीबीच झडप, दुई राउण्ड हवाइ फायर। क्वारेन्टाइनमा मृत्यु। क्वारेन्टाइन देखाउनको लागि मात्र। क्वारेन्टाइनमा न स्वास्थ्य सामग्री , न स्वास्थ्यकर्मी। क्वारेन्टाइनमा बसेकाहरु सुरक्षाकर्मीहरुको आँखा छलेर बाहिर निस्कन्छन्। भीडमा खेल हेर्छन, समुदायसँग खुलमखुला घुलमिल भइरहेका छन्। यी हुन प्रतिनिधिमूलक। हजारौं छन् यस्ता शीर्षक समाचारहरु।

सरकार आफैंले बनाएका सामान्य मापदण्ड पनि क्वारेन्टाइन भित्र लागू गर्न सकेको छैन। मापदण्ड अनुरुप क्वारेन्टाइन बाक्लो बस्ती वरिपरि राख्न मिल्दैन। वरपरका बस्तीमा सङ्क्रमण नफैलियोस् भन्ने उद्देश्य भएपनि यो कार्यान्वयन भएको छैन। यो डरलाग्दो विषय भएपनि राज्य संयन्त्र गम्भीर देखिँदैन। एउटा कोठामा दुई जनालाई मात्र राख्नुपर्छ। हरेक क्वारेन्टाइनमा एक चिकित्सक वा जनस्वास्थ्य विज्ञले २४ घण्टै निगरानी गर्नुपर्छ। एम्बुलेन्स, शौचालय, खानेपानी, खाद्यसामग्री, स्वास्थ्य सामग्रीको राम्रो प्रबन्ध हुनुपर्छ। हाल १ लाख जति क्वारेन्टाइन छन्, जसमा ४५ हजार विद्यालयलाई प्रयोग गरिएका छन्। खोज्दै जाने हो भने ती मध्ये कुनै पनि क्वारेन्टाइनमा यी सुविधा छैनन्।

भन्नलाई क्वारेन्टाइन भनिएको छ, तर त्यहाँ मानिसलाई कोचमकोच गरी राखिएको छ। जात्रा वा उत्सस त भइरहेको छैन भन्ने भान हुन्छ। कोरोना नभएको मानिसलाई यही भीडले सङ्क्रमण सारिएको छ। विशेषगरी तराईको गर्मी, लामखुट्टेको टोकाई अनि भीडमा कोचिएर बस्नुपर्ने बाध्यताका कारण क्वारेन्टाइन छाडेर भाग्नेहरु बढेका हुन्।

क्वारेन्टाइनमा खाद्य सामग्रीको अभावले मृत्यु हुनुको साथै सुरक्षाको अभाव वा लापरवाहीले एक विवाहित महिला बलात्कृत समेत भइसकेको घटना सर्वविदित नै छ।

**लकडाउनको जहरको प्रभाव**

नेपालमा कोरोनाको सवालसँगै आर्थिक, सामाजिक, शैक्षिक र मनोवैज्ञानिक क्षेत्रमा पनि गम्भीर सवालहरु देखापरे वा र अहिले पनि ज्यूँका त्यूँ छन्। गएको चैत ११ देखि देशभर गरिएको लकडाउनले गर्दा गरिब, निम्न आय भएका विपन्न, मजदुर वर्ग सबभन्दा बढी प्रभावित भए। संघसंस्थाहरुले राहत सामग्री वितरन गरे तर सरकारले एकद्वार नीति लागू गरेपछि त्यो पनि बन्द भयो। सरकारले एकपटक राहत सामग्री वितरण गरे तर त्यो पनि अधिकांश लक्षित समुदायले पाउन सकेनन्। अझ वञ्चित नै छन्। जनताको स्वास्थ्य क्षेत्रमा काफी समस्या देखिएको छ। विशेषगरी गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक र रोगी असहायहरुमा विभिन्न प्रकारका स्वास्थ्य समस्याहरु देखिन थालेका छन्। जेठ मसान्तसम्म उद्योगधन्दा कलकारखाना बन्द हुँदा नयाँ वस्तुको उत्पादन हुन सकेन। श्रम बजार संकुचित हुन पुगे। बन्द व्यापार, वित्तीय कारोवार र लगानी क्षेत्र निकै प्रभावित भए। निर्माण सेवा क्षेत्रहरु ठप्प हुन पुगे। असार एकदेखि खुल्ला गरिएको छ। अथवा असार १ देखि २५ प्रतिशत अनलक भएको अवस्था छ। तर अझ केही क्षेत्र जस्तै अनुमति प्राप्त बाहेकका अन्तर्राष्ट्रिय र आन्तरिक उडान, सबै प्रकारका तालिम, सेमिनार, सभा, गोष्ठी, भेला, सिनेमा हल, पार्टी प्यालेस, डान्सवार, मनोरञ्जन क्षेत्र, सार्वजनिक पुस्तकालय, संग्रहालय, चिडियाखाना, स्पा, सैलुन, ब्युटिपार्लर, स्विमिङपुल, समूहमा खेलिने खेलकुद, खेलमैदान, त्रायुवाहक सवारी साधन, शिक्षण संस्थानको पठन पाठन पुर्णतः बन्द भएको अवस्था छ।

मनोवैज्ञानिक रुपमा सिङ्गो देशमा ठूलो तनाव सिर्जना भएको छ। ठूला धार्मिक गतिविधिहरु सामाजिक दूरी कायम गर्नुपर्ने भएकोले सीमित गरिएको छ। विभिन्न चाडपर्व र मेलामा हुने परम्परागत जमघट पनि अत्यन्त सीमित गरिएको छ। मानवीय गतिविधि र सामाजिक परम्परा महामारीको कारण सम्पूर्ण हिसावले बदलिएको छ।

रोजगारीको सिलसिलामा विदेशमा भएका लाखौं नेपाली घर फर्किन समयको पर्खाईमा छन्। हुन त असार यता प्राथमिकताको आधारमा केही फर्किएका छन् आफ्नै खर्चमा। उनीहरुलाई स्वदेश फिर्ता गर्ने जुन किसिमको तत्परता देखिनु पर्दथ्यो त्यो अझै देखिएको छैन। उता रोजगारी गुमाउनुको दुःख त छँदैछ यता विपत्तिको घडीमा परिवारको साथमा नहुनु पनि कम पीडाको विषय होइन। भारतबाट आएका श्रमिकहरुलाई अव्यवस्थित क्वारेन्टाइनमा राखेर जुन किसिमको दुःख भयो, त्यो भन्दा बढी समयमै परीक्षण नहुँदा रोगको सङ्क्रमण फैलिएर कष्टदायी भयो। आज पनि देशका विभिन्न अस्पताल र स्वास्थ्य चौकीमा पर्याप्त मात्रामा स्वास्थ्य सामग्री उपलब्ध हुन सकेका छैनन्। निजी अस्पतालले देखाएको गैरजिम्मेवारीपना र सरकारी तयारीको स्थिति हेर्दा कोरोना मात्र होइन अन्य रोग लागेको बिरामीले समेत उपचार पाउन गाह्रो भइरहेको छ।

उपरोक्त क्षेत्रहरुको अतिरिक्त शिक्षा क्षेत्र पनि पूर्णरुपेण प्रभावित छ। नियमित पठन- पाठनको औपचारिक प्रक्रिया अवरुद्ध भएको छ। विद्यालय शिक्षाका कक्षा १०, ११ र १२ को परीक्षा तथा विश्वविद्यालयका विभिन्न वर्ष तथा सेमेस्टरका परीक्षा अवरुद्ध भएका छन्। यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गतका विभिन्न कार्यक्रमको परीक्षा समेत हुन सकिरहेका छैनन्। प्राथमिक बालशिक्षाका ११ लाख ३१ ह्जार ९१ बलबालिका प्रभावित छन् ( असार ५, शिक्षामन्त्रालयको रिपोर्ट, रातोपाटी )। यसैगरी कक्षा-१ का ८२९०१४, कक्षा-२ का ७,१८,१०८, कक्षा-३ का ६,४४,८२२, कक्षा-४ ९,६२,५६६ कक्षा ५ का ६,४४,८२२, कक्षा-६ का ५,९४,३२५, कक्षा-७ का ५५२३१२, कक्षा-८ का ५,९८,८३५, कक्षा-९ का ५,५२,३१२, कक्षा-१० का ४,८२,२१९, कक्षा-११ का ५,२८,००० र कक्षा-१२ का ४३,१०० विद्यार्थीहरु प्रत्यक्षत : प्रभावित छन्। एसईईका ४ लाख ८२ हजार ७०७ विद्यार्थी परीक्षा डिनबाट वञ्चित भएका छन्। यसैगरी कक्षा ११ र १२ का विद्यार्थीहरु पनि परिक्षा डिनबाट वञ्चित भएका छन्।

पठन पाठन बन्द हुँदा बालबालिकामा ठूलो असर परेको छ। उनीहरु विद्यालय जान पाएका छैनन्। इष्टमित्र भेट्न पाएका छैनन्। आउटडोर गेम खेल्न पाएका छैनन्। घरभित्र मात्र बसिरहँदा बालबालिकाहरुले एक किसिमको असहज महसुस गरिरहेका छन्। नमीठो बन्देज महसुस गरिरहेका छन्। यसले उनीहरुलाई व्यवहारमा धेरै नचाहिँदो किसिमको परिवर्तन पनि देखिन्छ जस्तै अह्राएको नमान्ने, सल्लाह सुझाव नसुन्ने, घरमा गृहकार्य नगर्ने, पढ्न नमान्ने, बढी

बाँकी तीन पृष्ठमा

# नागरिकता विवाद : आफ्ना नागरिक अनागरिक हुन भएन

काठमाडौँ, ३० असार (रासस) ।

विदेशी बुहारीलाई नागरिकता दिन सात वर्षको समय धेरै भयो तथा विदेशी ज्वाइँलाई नागरिकता पाउनबाट वञ्चित गराइयो भनेर अङ्गीकृत नागरिकताका विषयमा पक्ष र विपक्षमा तर्कहरु चलिरहेको छ ।

नागरिकता कुनै पनि देशका नागरिकको सबैभन्दा ठूलो परिचय तथा राष्ट्रियताको पहिचान भएकाले मानिस जन्मिएपछि त्यो देशको नागरिकको हैसियतले नागरिकता पाउनबाट वञ्चित हुनु हुँदैन । तर विदेशीलाई नागरिकता दिने वा नदिने भन्ने विषयमा भने राष्ट्रका आफ्ना कानून हुन्छन् र ती कानूनहरु ती देशको स्वविवेकसँग पनि जोडिने गर्दछ ।

नेपालको संविधान अनुकूल नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्नुपरेको अवस्थामा यस्तै विवाद देखिएका हुन् । प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा यस विषयमा वृहत छलफल भएर विधेयक पारित भई प्रतिनिधिसभामा पेश भएको छ । तर हाल संसदको बजेट अधिवेशन अन्त्य भएकाले यस विषयमा अब अर्को अधिवेशनमा मात्र छलफल हुनेछ ।

विधेयकमा खासगरी दुई विषयमा चर्चा देखिएको छ । नेपाली पुरुषसँग विवाह गरेर आएकी विदेशी महिलालाई नागरिकता दिने सातवर्षे समयावधि बढी भयो । त्यस्तै नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषले नागरिकता पाउने व्यवस्था गरिएन । यी व्यवस्था नहुँदा महिला र पुरुषबीच समानता भएन । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले यी दुई विषयमा चर्चा चलाए । तर कतिपय कानूनविद्हरुले भने यस विषयलाई राजनीतिक एजेण्डा मात्र बनाएको संज्ञा दिएका छन् ।

“नागरिकताबाट आफ्ना नागरिक बञ्चित हुनुहुदैन, आफ्ना नागरिक बञ्चित भए भन्ने प्रश्न हो”- वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीले भन्नुभयो, “अङ्गीकृत नागरिकता दिने राज्यको हातमा र राज्यको स्वविवेकको कुरा हो, राज्यको भारवहन क्षमता, संस्कृति अनुकुलन गर्न सक्छ कि सक्दैन, अङ्गीकृत नागरिकतामा कडा नै हुन्छ, कुनै पनि राष्ट्रको नरम नीति हुँदैन, विवाद केवल राजनीतिक विषय मात्र हो ।”

नेपालले मात्र अङ्गीकृत नागरिता दिने कडा नीति लिएको होइन । भारतमा पनि सात वर्षकै व्यवस्था छ । भूटानमा बच्चा जन्माएपछि पनि १० वर्षमा मात्र नागरिकता दिने व्यवस्था छ । माल्दिभ्समा विदेशी बुहारीलाई १२ वर्षमा मात्र नागरिकता दिइन्छ । बेलायत र अमेरिका ग्रीनकाड लिएको पाँच वर्षमा अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ । धेरै देशमा अङ्गीकृत नागरिकताको व्यवस्थामा कडा नीति नै अभ्यासमा छ ।

“राष्ट्रको थेग्न सक्ने क्षमताका आधारमा अङ्गीकृत नागरिकता दिने हो, कुनै पनि राष्ट्र अङ्गीकृत नागरिकता दिन बाध्य हुँदैन,”- संविधानविद् ज्ञवालीले थप्नुभयो, “वास्तविक नागरिकले नागरिकता पाउनुपर्छ, विदेशीले नागरिकता पाउँनैपर्छ भन्ने होइन, जन्म र वंशजको आधारमा नागरिकता दिनुपर्छ, राष्ट्रियता प्राप्त गर्ने नागरिकता रगतको नाता हो ।”

उत्तर अमेरिका र बेलायतमा जन्मको आधारमा नागरिकता दिइन्छ । त्यो देशको नागरिकले त्यहाँ नागरिकता पाइसकेको हुन्छ । जुन देशमा मानिस जन्मिन्छ, त्यही देशको राष्ट्रियता प्राप्त गर्छ । त्यही देशको नागरिकता पाउँछ । “अंगीकृत नागरिकता पछि पाउने नागरिकता हो, नागरिकता भनेको राजनीतिक अधिकार हो, सबैले परीक्षणको अवधि राखिएको हुन्छ”,- उहाँले थप्नुभयो “आफ्नो देशको नागरिकता त्याग्न पनि भनिएको छैन, कुनै पनि नागरिकलाई आफ्नो देशको नागरिकता त्याग्न बाध्यकारी बनाउन सकिदैन, सातवर्षको परीक्षण अवधि सही छ ।”

सातवर्षको परीक्षण समयावधि भारतलाई हेरेर विधेयकमा व्यवस्था गरिएको जस्तो धेरैलाई लाग्यो । तर नेपाली पुरुषले संसारका २१९ मुलुकका महिलासँग विवाह गर्न सक्छन् । त्यी सबैलाई सात वर्षकै व्यवस्था हो । नागरिकता दिँदा राज्यको भारवान क्षमता र संस्कृति अनुकुलन गर्न सक्छन् कि सक्दैन् ? भनेर पनि हेरिन्छ । मुस्लिम देशमा धर्मलाई पनि हेरिन्छ ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नागरिकता प्राप्त गर्न चाहने विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गरेको मितिले ६ महिनाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्नुपर्नेछ । समय सीमाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेश गर्न नसकेमा प्राप्त गरेको नेपालको नागरिकता रद्द हुनेछ । यही प्रक्रियाबाट नेपालीसँग बिहे गरेकी विदेशी महिलाले सात वर्षपछि अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ । नागरिकता प्राप्त गर्ने परीक्षणकाल सातवर्ष भएता पनि विदेशी बुहारीलाई चलअचल सम्बन्धी आर्जन गर्न, पेसा गर्न र उद्योग व्यापार गर्न पाउने सुविधा विधेयकमा व्यवस्था गरिएको छ । तर सरकारी सेवामा प्रवेश गर्नसम्म सुविधा दिनुपर्ने पनि तर्क पनि आएका छन् ।

“विदेशी बुहारीलाई सात वर्षमा नागरिकता दिने विषयमा संविधान लेखनका क्रममा पनि सहमति भएको हो, सहमतिमै यो प्रक्रियालाई टुङ्ग्यानुपर्छ”- वरिष्ठ अधिवक्ता हरिहर दाहालले भन्नुभयो, “सातवर्ष भारतलाई मात्र दृष्टिगत गरी राखिएको होइन, विश्वका जुनसुकै नागरिकलाई पनि एउटै व्यवस्था हो, युरोप अमेरिकाका महिला पनि नेपाली पुरुषले विवाह गरेका छन्, तर लोकसेवा आयोगमा परीक्षा दिन वा सरकारी सेवामा प्रवेश गर्न बाधा नपुग्ने गरी राख्दा राम्रो हुन्छ ।”

नेपालको संविधानमा पुरुष वा महिला दुवैलाई अङ्गीकृत नागरिकता दिने व्यवस्था छ । तर छोरी विवाह गरेर ज्वाइँ देशमा आउँछ भन्ने परिकल्पना भने संविधानमा गरिएको छैन । संविधानसँग बाँझिने गरी कानून बनाउन पाइदैन । विदेशी ज्वाइँलाई नागरिकता दिने विषयमा भने संविधान नै संशोधन गर्नुपर्ने हुन्छ । वैवाहिक आधारमा विदेशी ज्वाइँले नागरिकता नपाएपनि अरु आधारबाट प्राप्त गर्न सक्ने व्यवस्था छ । नेपाली भाषा बोल्ने, व्यपार व्यवसाय गरेर बसेको वा कामका सिलसिलामा बसेको १५ वर्षभएपछि अङ्गीकृत नागरिकता दिने व्यवस्था छ ।

नेपालको संविधानको धारा ११ को उपधारा ६ मा विदेशबाट विवाह गरेर आएकी महिलाको लागि व्यवस्था गरेको छ । “नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ”- भनिएको छ । तर नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषको हकमा कुनै व्यवस्था नै गरिएको छैन । तर नेपाली महिलाले विदेशीसँग विवाह गरेपछि जन्मिने सन्तानको नागरिकता विषयमा पनि संविधानले व्यवस्था गरेको छ ।

नेपालको संविधानको धारा ११ को उपधारा ५ मा नेपाली महिलासँग विदेशी नागरिकको विवाह भएपछि जन्मिने सन्तानको हकमा अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरिएको छ । नेपालको संविधान, २०१९ ले नेपाली नागरिकसँग विवाह गरेर आएकी विदेशी महिलाले विदेशको नागरिकता त्यागेपछि अन्यलाई कम्तीमा १५ वर्षको अवधिसम्म भन्ने व्यवस्था गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानूनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने व्यवस्था थियो ।

नेपाल नागरिकता ऐन, २०६३ ले नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । साथै आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्ने व्यवस्था थियो ।

“अङ्गीकृत नागरिकता दिँदा विदेशी वुहारी वा ज्वाइँलाई समान व्यवहार गर्नुपर्छ, बुहारीलाई सात वर्षमा दिने र ज्वाइँलाई पनि सात वर्षमै दिने व्यवस्था गर्दा समानता हुन्छ,”- वरिष्ठ अधिवक्ता डा सुष्मा बरालले भन्नुभयो, “कानूनमा बराबर अधिकार हुनुपर्छ, संविधानले नै समानताको अधिकार दिएको छ ।” उहाँको विदेशी बुहारी र ज्वाइँलाई एकै प्रकारले हेरिनुपर्छ भन्ने तर्क छ । तर संविधानले ज्वाइँलाई अङ्गीकृत नागरिकता दिने विषयमा बोलेको छैन ।

“नेपालको संविधानमा नेपाली महिला विदेशी पुरुषसँग विवाह गर्दा अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरेको छैन,” नेपाल बार एसोसिएना पूर्व उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता उषामल्ल पाठकले भन्नुभयो, “नेपाली महिला विदेशी पुरुषसँग विवाह गर्दाको अवस्था के हुन्छ भनेर चाँहि संविधानले सोचेका छैन, संविधानमा नभएको व्यवस्था कानूनमा राख्न मिल्दैन ।”

देशको स्वार्थको आधारमा अङ्गीकृत नागरिकता दिने हो । विदेशी बुहारीलाई भारतमा राजनीतिक अधिकार पनि छैन । “परीक्षण समयावधि सात वर्ष सही हो, हाम्रा सन्तान पनि नागरिकता लिन १८ वर्ष कुर्नुपर्छ नि ?”-वरिष्ठ अधिवक्ता पाठकको भनाई थियो । नेपाल बार एसोसिएसनको महिला समितिको राष्ट्रिय सम्मेलनले पनि अङ्गीकृत नागरिकता सात वर्ष नै राख्नुपर्छ भन्ने सुझाव दिएको थियो ।

अङ्गीकृत नागरिकता दिने वा नदिने अधिकार राज्यको नीतिमा भर पर्ने हो । राज्यले धान्न सक्ने वा नसक्ने कुरामा भर पर्ने भएकाले अङ्गीकृत नागरिकता दिने विषय कुनै पनि राज्यको आत्मनिर्णयको हो । तर आफ्ना नागरिक राष्ट्रियता अर्थात नागरिकताबाट बञ्चित भने हुन भएन ।

## *कोरोनाको कहर ...*

मोबाइल चलाउने, टिभी हेर्न, बढी सुत्ने, झनक्क रिसाउने आदि हामीले अनुभव गरिरहेका छौँ ।

**लकडाउनको बितेको एक सय छ दिनको चित्र**

लकडाउनको १०६ दिन पुग्दासम्म हरेक दिन नागरिक लागि सन्त्रासको दिन रह्यो । स्वास्थ्यसामग्री देखि राहतको सामग्रीसम्म अभाव देखियो । स्वास्थ्य सामग्री आयात गरियो तर सामग्री खरिदमा भएको भ्रष्टाचारले एकातर्फ कात्रोमा पनि भ्रष्टाचार भन्ने प्रश्न उठ्यो भने अर्कोलाई विश्व स्वास्थ्य संगठनले प्रमाणित नगरेको गुणस्तरीय परीक्षण सामग्रीको आयात गरियो । जीवन धान्न क्षेत्रबाट सयौँ किलोमिटर पैदल हिँडेर आफ्नो घर फर्किए । सरकारले ‘कि खान देउ कि गाउँ जान देउ’ भन्ने अपीललाई गहिरो मानवीय भावना साथ आत्मसात् गरेन । बालबच्चा, वृद्ध र सुत्केरी महिलासमेत सडकमा हिँडेको दृश्य वास्तवमै कारुणिक थियो तर सरकार भोकले कोही मर्दैन भाषणमा सीमित भयो । राजधानी लगायत शहरी क्षेत्रमा डेरा गरेर बसेका विद्यार्थीलाई निकै प्रताडित बनाए । पढाइ बन्द, डेरा भाडाको समस्या अनि क्रमशः रितिएको तिनको थैलिले सरकारसँग न्यानो अपेक्षा राख्यो तर सरकारको अलमल र अस्पष्ट नीतिले राहत अनुभूति गराउन बिल्कुलै सकेन । सुकुम्वासी जीवन बिताइरहेका नागरिक लकडाउनको समयमा सरकारसँग जाउलोको प्रतीक्षामा थिए । यस अवधिमा कयौं हत्या, आत्महत्या र बलात्कारका घटना देशमा भएको विवरण आए ।

अन्त्यमा, कोरोनाको कहर र लकडाउनको जहरलाई एकसय छ दिनको विश्लेषण गर्दा अनेक सवालहरु तेर्सिएका छन् । ती हुन्– कोविड-१९ का कारण हुन सक्ने भोकमरीबाट कसरी बच्ने ? नागरिकलाई कसरी बचाउने ? सामाजिक समस्याले गर्दा बढिरहेको आत्महत्यालाई कसरी हटाउने ? क्वारेन्टाइनलाई मापदण्ड अनुरुप कसरी बनाउने ? भाइरस सर्न सक्ने डरका कारण उपचार र सहयोग नपाएर मर्नुपर्ने अवस्थाको उपचार कसरी खोज्ने ? आदि,इत्यादि । गम्भीर चासो र चिन्तन गर्न जरुरी छ ।

## विश्व समाचार

### अमेरिकी सर्वोच्च अदालतद्वारा मृत्युदण्ड सम्बन्धी संघीय कानुन सदर

वासिङ्टन, ३० असार (रासस/एएफपी) ।

संयुक्तराज्य अमेरिकाको सर्वोच्च अदालतले मृत्युदण्डसम्बन्धी सङ्घीय कानुन लागू गर्न सङ्घीय प्रशासनलाई अनुमति दिएको छ । तल्लो अदालतले सङ्घीय कानुन कार्यान्वयनमा ढिलाई गर्न यसअघि दिएको आदेशलाई उल्ट्याउँदै सर्वोच्चले नयाँ आदेश दिएको हो । ट्रम्प प्रशासनको अनुरोधमा विवादास्पद सङ्घीय मृत्युदण्डसम्बन्धी कानुन पुनः १७ वर्षपछि ब्यूँताइएको हो । अमेरिकामा हाल चार जनालाई सङ्घीय कानुन बमोजिम मृत्युदण्ड दिन लागिएको छ, तर यसअघि जिल्ला अदालतका न्यायाधीशले उक्त मृत्युदण्ड कार्यान्वयन गर्नुअघि कानुनी चुनौतीका लागि बाटो खुला गर्न आदेश दिएका थिए । मृत्युदण्डको पर्खाइमा रहेका पहिलो व्यक्तिमा आर्यन पिपुल्स रिपब्लिक नामको संस्थाका संस्थापक डेनिएल लेविस ली रहेका छन् । उनीमाथि उक्त संस्थालाई पैसा जुटाउन भएको डकैतीमा एक परिवारका तीन जनाको हत्या गरेको आरोप छ । सर्वोच्चको आदेशमा जिल्ला अदालतको आदेशलाई भ्याकेटमा राखिएको र यसअघिकै पूर्व निर्धारित योजना बमोजिम मृत्युदण्डको कार्यक्रम अघि बढाउन अनुमति दिइएको उल्लेख छ । सङ्घीय कानुन बमोजिम सन् २००३ पछि संयुक्तराज्य अमेरिकामा मृत्युदण्ड दिइन लागेका ली पहिलो व्यक्ति हुन् । साथै सङ्घीय मृत्युदण्डको पक्षमा उभिएका राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा हुन लागेको यो मृत्युदण्ड पनि पहिलो नै हो ।

ली र अर्का व्यक्ति चेभी किहोले सन् १९९६ मा बन्दुक बिक्रेता (डिलर) विलियम मुलर, उनकी पत्नी र अर्की आठ वर्षीया छोरीको हत्या गरेका थिए । उनीहरुमाथि मृत्युदण्ड दिन सन् १९९९ मै अदालतले फैसला सुनाए पनि कानुनी प्रक्रियाका कारण मृत्युदण्ड दिन ढिलाई भएको हो । सरकारी वकीलहरुका अनुसार अभियुक्तले मुलरको घरबाट बन्दुक चोरी गरेका थिए । उनीहरुले स्वेत अतिवादी संस्था “आर्यन पिपुल्स रिपब्लिक”का लागि रकम जुटाउन उक्त बन्दुक बेच्ने योजना बनाएका थिए । अमेरिकाका एक हजारभन्दा बढी धार्मिक संस्थाका प्रतिनिधिले मृत्युदण्डसम्बन्धी सङ्घीय कानुन कार्यान्वयनमा नल्याउन राष्ट्रपति ट्रम्पसँग अनुरोध गरेका थिए । राष्ट्रपति ट्रम्पले प्रहरीका हत्यारा र लागूऔषधका कारोबारीमाथि मृत्युदण्ड दिइनु उचित हुने बताउनु भएको छ । अमेरिकामा हाल केही राज्यले मात्र मृत्युदण्ड दिने गरेका छन् । सन् २०१९ मा २२ जनालाई मृत्युदण्ड दिइएको थियो ।

### भारतमा कोरोना भाइरस संक्रमित संख्या नौ लाख नाघ्यो

नयाँ दिल्ली, ३० असार (रासस/एएनआइ) ।

भारत कोरोना भाइरसको सङ्क्रमतिको संख्या नौ लाख नाघेको छ । गत २४ घण्टामा २८ हजार ४९८ नयाँ सङ्क्रमित थपिएपछि कुल सङ्क्रमितको संख्या नौ लाख छ हजार ७५२ पुगेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार बिहान जानकारी दिएको छ । पछिल्लो २४ घण्टामा भारतभरी कोरोनाभाइरसका कारण ५५३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । देशभरी कुल सक्रमितमध्ये तीन लाख ११ हजार ५६५ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् । त्यसैगरी पाँच लाख ७१ हजार ४५९ जना सङ्क्रमणमुक्त भएका छन् भने २३ हजार ७२७ जनाको मृत्यु भएको छ । भारतमा सबभन्दा बढी प्रभावित महाराष्ट्र राज्य रहेको छ । महाराष्ट्रमा मात्रै दुई लाख ६० हजार ४६१ जना सङ्क्रमित भएका छन् भने दश हजार ४८२ जनाको मृत्यु भएको छ । दोस्रो धेरै सङ्क्रमित भएको तमिलनाडु राज्यमा एक लाख ४२ हजार ७९८ जना रहेका छन् भने दुई हजार ३२ जनाको मृत्यु भएको छ । तेस्रो धेरै सङ्क्रमित भएको दिल्ली प्रदेशमा एक लाख १३ हजार ७४० जना रेहेका छन् । दिल्लीमा कोरोना सङ्क्रमणको कारण तीन हजार ४११ जनाको मृत्यु भएको छ । कोरोना भाइरस सङ्क्रमणको हिसाबबाट विश्वभरीको तथ्याङ्कलाई हेर्दा भारत तेस्रो धेरै सङ्क्रमित रहेको देशमा पर्दछ पहिलो स्थानमा अमेरिका र दोस्रोमा ब्राजिलमा रहेका छन् ।

### कोरोना भाइरसबाट विश्वमा पाँच लाख ७५ हजारभन्दा बढीको मृत्यु

जेनेभा स्वीट्जरल्याण्ड, ३० असार (रासस/एएफपी) ।

कोरोना भाइरस (कोभिड १९)बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख ७५ हजार ९५५ पुगेको छ ।साथै यस सङ्क्रमणबाट विश्वभर एक करोड ३२ लाख ४२ हजार ६९३ जना सङ्क्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ । नेपाली समयानुसार मङ्गलबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ७७ लाख नौ हजार ९७२ जना निको भएका छन्.। हाल विश्वभरमा कोरोना भाइरस सङ्क्रमित करिब ४९ लाख ५५ हजार १४२ व्यक्ति उपचाररत रहेका छन् । सङ्क्रमितमा ५९ हजार २०९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ३४ लाख ९७ हजार ४८३ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख ३८ हजार २४७ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा २९ लाख ३१ हजार ९५९ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख छ हजार ४९९ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा ४० लाख ७५ हजार ५९४ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ८७ हजार १२२ जनाको मृत्यु भएको छ । युरोपमा २५ लाख ९३ हजार ५५८ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने एक लाख ९६ हजार ५८१ को मृत्यु भएको छ । एसिया ३० लाख २० हजार ८०२ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने, ७१ हजार ५५५ जनाको मृत्यु भएको छ । अफ्रिकामा छ लाख १४ हजार ४३६ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १३ हजार ५०४ जनाको मृत्यु भएको छ । ओसियानामा ११ हजार ९१५ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १३० जनाको मृत्यु भएको छ ।

# आफ्नै मालिक दम्पतीको हत्या गर्ने १४ वर्षपछि पक्राउ

काठमाडौँ, ३० असार (रासस)।

आफैँले काम गर्ने स:मिल सञ्चालक दम्पतीको हत्या गर्ने एक जनालाई प्रहरीले १४ वर्षपछि पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले हत्यापछि फरार हुँदै आएका सर्लाहीका जयकिशोर साहलाई घटनाको १४ वर्षपछि आइतबार बाँकेस्थित भारतीय सीमाक्षेत्रबाट पक्राउ गरेको हो।

विसं २०६३ पुस २० गते सितापाइलास्थित कान्तिपुर स:मिलका सञ्चालक मोरङ डाँगीहाटका ४५ वर्षीय नातीकाजी सुवेदी र श्रीमती सानु सुवेदीलाई कामदार सर्लाहीका जयकिशोर साह र बाँकेका प्रताप रानाले धारिलो हतियार प्रहार गरी हत्या गरेर फरार भएका थिए। साह पक्राउ परे पनि राना अझै फरार छन्। उक्त घटना सिआइबीले सोमबार सार्वजनिक गरेको हो।

स:मिलका मालिकले काम बिगारेको भन्दै गाली गरेको विषयमा त्यसको बदला लिन उनीहरूले सुवेदी दम्पती र छोरालाई धारिलो हतियारले शरीरका विभिन्न भागमा प्रहार गरी निर्ममतापूर्वक आक्रमण गरेका थिए। सोही चोटका कारण सुवेदी दम्पतीको मृत्यु भएको र छोरा भने बाँच्न सफल भएका थिए।

घटनापछि दुवै अभियुक्त नेपालबाट भागी भारतको लखनऊमा गई दुई वर्षसम्म सँगै बसेका थिए। प्रताप राना अन्यत्रै लागेपछि साहले जय शर्माको नामबाट भारतीय आधारकार्डलगायतका कागजात बनाई पहिचानसमेत बदलेर भारतको लखनऊमा बस्दै आएको सिआइबीका प्रमुख प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले जानकारी दिनुभयो।

सिआइबीले आफ्नो स्थापनाकालदेखि नै उक्त घटनालाई प्राथमिकतामा राखी अनुसन्धान गरिरहेकामा घटनामा गम्भीर घाइते भई बाँच्न सफल विलभ सुवेदीसँगको निरन्तर सम्पर्क र सूचनाका आधारमा अन्तर्राष्ट्रियस्तरमा समेत समन्वय गरी हुलिया सनाखत गरेर उनलाई पक्राउ गरिएको थापाले बताउनुभयो। अर्को फरार व्यक्ति पनि छिट्टै पक्राउ पर्ने उहाँले बताउनुभयो।

## घुस लिएको ...

सुनियोजित ढंगले आफूलाई एक सेवाग्राहीले झ्यालमा पैसा राखे लगत्तै अख्तियारको टोलीले आएर घुस लिएको भन्दै नियन्त्रणमा लिएको बताएका छन्।

यस्तै समातिएका ठाकुरका बृद्ध पिता मिश्रिलाल र आमा नथुनीदेवीले आफ्नो छोरा निर्दोष रहेको र फसाइएको भन्दै उनलाई बचाइदिन प्रहरीसमक्ष पटक पटक आग्रह गरेका थिए। छोरा पक्राउ परेको खबर पाएपछि विष्णुपुर गाउँपालिका ७ स्थित घरबाट कार्यालयमै आई पुगेका ठाकुरका बृद्ध आमा बुबालाई समाल्हन प्रहरीलाई हम्मे हम्मे परेको थियो।

## लायन्सद्वारा ...

मेडियम किट) प्रदान गरेको छ।

डिस्ट्रिक ३२५ ए टु अन्तरगतको राजविराज लायन्स क्लबले मंगलबार एक कार्यक्रमबीच अस्पतालका प्रमुख डा. रन्जित झालाई सो भिटिएम किट हस्तान्तरण गरेको हो।

पर्याप्त मात्रामा भिटिएम किट उपलब्ध नहुँदा सुस्त गतिमा भइरहेको पिसिआर परिक्षणलाई तिब्र बनाउन सो परिमाणको किट उपलब्ध गराइएको लायन्स क्लबले जनाएको छ।

अस्पतालमा आयोजित कार्यक्रममा लायन्स क्लब राजविराजका निवर्तमान अध्यक्ष शंकर शारदा, पूर्व अध्यक्ष डा. मूरलीप्रसाद सिंह, हरेकृष्णप्रसाद सिंह, गोबिन्द सिंह, सांसद मृगेन्द्रकुमार सिंह यादव, प्रदेशसभा सदस्य मनिष सुमन, लायन्सका महासचिव फुरकान अंसारी, सदस्य हरि जोशी, शुसिल काबरा लगायतले उक्त सामाग्रि अस्पतालका प्रमुख डा. झालाई हस्तान्तरण गरे।

सो अवसरमा अस्पताल प्रमुख डा. झाले लायन्स क्लबप्रति आभार र धन्यवाद ब्यक्त गर्दै सबैको सामूहिक प्रयास र सहयोगबाट मात्र विश्वव्यापी महामारीको रुपमा देखिएको कोरोनामाथी बिजयी प्राप्त गर्न सक्ने बताए।

## बधाई एंव शुभकामना




मेरो जेठीसाली प्रिति यादवको नेपालकै सबै भन्दा कान्छो एवम् सहिदनगर नगरपालिकाका मेयर उदय बरबरिया यादवसँग यही मिति २०७७ साल असार २९ गते सोमबारका दिन शुभ बिवाह सम्पन्न भएको हुँदा उहाँहरु दुवै जनाको दाम्पत्य जीवन सुखमयको हार्दिक मगलमय शुभकामना ब्यक्त गर्दछु।

**अरुण कुमार यादव**
**पत्रकार**
**राष्ट्रिय समाचार समिति**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी


*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।



**अनुरोधकर्ता :** हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*